**व्यक्तिगत विवरण सुरक्षित राखौं, साइबर अपराधबाट जोगिऔं**

कम्प्युटर, मोबाइल र इन्टरनेट प्रयोग गर्दाः

- बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमितरूपमा परिवर्तन गरौं ।
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शङ्कास्पद मेल, म्यासेज, लिङ्क नखोलौं ।
- अपरिचित व्यक्तिले युजर नेम र पासवर्ड मागे नदिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर २४ गते आइतवार // मृत भस्म नबन्दैमा भिःल्को भैकन बल्नुछ // 2023 December 10 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १००

## वीरगंजमा धान बिक्री गर्न आएनन् किसान

राधेश्याम पटेल, परवानीपुर, २३ मङ्सिर/

गाउँघरमैं बढी मूल्यमा धान बेच्न पाएपछि पर्साका ग्रामीण भेगका किसानहरू यसपालि वीरगंजमा धान बेच्न आएनन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनीले यही मङ्सिर २२ देखि सोना मन्सुली र जीरा मसिनो धान खरीद गर्ने सूचना जारी गरे पनि पर्साका किसानहरू धान बिक्री गर्न वीरगंज आएनन् ।



पोहोर धान बिक्री गर्न किसानको पावरहाउसदेखि खाद्य व्यवस्था तथा व्यापार कम्पनीको कार्यालयअगाडिसम्म लामो लाइन थियो । तर मङ्सिर २२ देखि धान खरीद गर्ने भनेर सूचना जारी गर्दासमेत धान बेच्न किसानहरू नआएका सो कम्पनी वीरगंजका प्रमुख पङ्कज झाले पुष्टि गरे । "दुई दिनदेखि किसानहरू धान बेच्न आउनुभएको छैन, के कारण हो, त्यसबारेमा जानकारी सङ्कलन गर्ने कार्य भइरहेको छ," उनले भने ।

वीरगंजको सरकारी निकायभन्दा गाउँमैं धानको मूल्य बढी भएपछि ग्रामीण भेगका किसानहरू गाउँकै गोला भण्डारमा धान बेचिरहेका छन् । सरकारी निकाय वीरगंजको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले सोना मन्सुलीको मूल्य प्रतिकिलो रु ३३ दशमलव ६२ तोकेको छ भने जीरा मसिनोको मूल्य प्रतिकिलो रु ३५ तोकेको छ । तर गाउँमैं सोना मन्सुली प्रतिकिलो रु ३५ दशमलव ३६ मा र जीरा मसिनो प्रतिकिलो रु ४५ मा बिक्री भइरहेकाले किसानहरू गाउँकै गोला भण्डारलाई धान बेच्दैछन् । धानको कम मूल्य तोकिएपछि किसानहरू वीरगंज धान बेच्न नआएको बुझिएको छ ।

यस वर्ष भारत सरकारले धान आयातको कोटा निर्धारण गरेको छैन । जसले गर्दा पर्सा र बाराका राइस मिलहरूले धानको मौज्दात मिलाउन बढी मूल्यमा धान खरीद गरिरहेका छन् ।

वीरगंजस्थित सरकारी कार्यालय खाद्य व्यवस्था तथा व्यापार कम्पनीले सोना मन्सुली प्रतिक्वीन्टल तीन हजार ३६२ र जीरा मसिनो प्रतिक्वीन्टल साढे तीन हजार रुपैयाँमा खरीद गर्ने भनी सूचना जारी गरेको थियो । तर धानको अभाव सिर्जना हुने भनेर पर्सा र बाराका ठूला र साना गरी करीब दुई सय राइस मिलहरूले धानको मौज्दात राख्न गाउँमैं किसानहरूबाट धान खरीद गरिरहेका छन् ।

वीरगंजको रूँगटा समूहले रु ३८ दशमलव ५० प्रतिकिलोमा सोना मन्सुली धान खरीद गरिरहेको जनाएको छ । सोना मन्सुली पर्सा र बाराबाट खरीद गरिरहेको र जीरा मसिनो भारतको बिहारबाट २० प्रतिशत भन्सार महसूल र पाँच प्रतिशत कृषि सुधार कर तिरेर प्रतिकिलो रु ४९ मा भारतीय धान जीरा मसिनो खरीद गरिरहेको छ ।

रूँगटा समूहका सञ्चालक नारायण रूँगटाले आगामी दिनका धानको अभाव सिर्जना हुने भएकोले बढी मूल्यमा धान खरीद गरिरहेको बताए । उनले गत वर्ष भारतबाट धान खरीद गर्न छ लाख टन कोटा छुटयाइएकामा यस वर्ष कोटा नदिइएकोले धान मौज्दात राख्न बढी मूल्यमा खरीद गरिरहेको बताए ।

## २४ जना महिलासहित २४५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २३ मङ्सिर/

रेडियो वीरगंजको २१औं वार्षिकोत्सवको अवसरमा शनिवार आयोजित रक्तदान कार्यक्रममा २४ जना महिलासहित २४५ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्रमुख सौरभराज पाण्डेले बताए ।



नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका महासचिव श्याम बन्जाराले रक्तदान गरी शुभारम्भ गरेको कार्यक्रममा डा उदयनारायण सिंह, कलावती पासवान, मनोज दास, प्रदीप जयसवाल, अनिला चौधरी, सुजाता उप्रेती, अनिलकुमार झा, राजकिशोर गुप्ता, द्वारिका उपाध्याय, सुनील पटेल, हरेन्द्र यादव, दीपेन्द्र प्रजापति, धर्मेन्द्रप्रसाद साह, मुर्तुजा आलम, अमरलाल साह, दीपकसाह कानू, अनिलप्रसाद कुर्मी, वीरेन्द्र कुशवाहा, विजय यादव, हरिबहादुर थापालगायतले रक्तदान गरेका थिए ।

रक्तदान कार्यक्रमको उद्घाटन गर्दै वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले जनतालाई सूचना, मनोरञ्जनसँगै सामाजिक उत्तरदायित्वको क्षेत्रमा रेडियो वीरगंजको महत्त्वपूर्ण योगदान रहेको बताए ।

कार्यक्रम रेडियो वीरगंजका अध्यक्ष ध्रुव साहको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## वीरगंजमा 'आयो' राइड शेयरिङ सेवा शुरू

प्रस, वीरगंज, २३ मङ्सिर/

वीरगंजमा 'आयो' राइड्स सेवा सञ्चालनमा ल्याइएको छ। आयो राइड्स नेपाल प्रालिले वीरगंजमा दुई महीनादेखि सेवा सुचारु रहेको जानकारी गराएको छ । वीरगंज-११ रानीघाट बस्ने मेकानिकल इन्जिनीयर श्यामप्रसाद कुशवाहाले वीरगंजमा यो सेवा शुभारम्भ गरेका हुन् । उनले वीरगंजका गल्लीमा यात्रा सेवालाई सहज बनाउन र रोजगार सिर्जना गर्न यो सेवा शुरू गरेको बताए । सेवा प्रभावकारी र उत्साहजनक बन्दै गएको कम्पनीका संस्थापक एवं सिइओ कुशवाहाले बताए । तीनजना बाइक चालकबाट शुरू भएको यो सेवामा अहिले वीरगंज आसपासका २८ जना चालकलाई रोजगार दिएको उनले बताए। छठ पर्वअगावै शुरू भएको सेवाको प्रारम्भिक चरणमा प्रतिराइड मात्र रु १० रुपैयाँ शुल्क लाग्थ्यो भने छठपछि प्रतिराइड रु १५ शुल्क थियो भने मङ्सिर १९ गतेदेखि कम्पनीले रु आठ प्रतिकिलोमिटरको दरमा सेवाप्रवाह गरिरहेको जनाएको छ । हाल प्रतिदिन तीन सयभन्दा बढी यात्रुलाई सेवा दिइरहेको कुशवाहाले बताए । कम्पनीले हाल चालकलाई मासिक २५ हजार ३९० रुपैयाँ दिइरहेको छ । बिहान साढे ७ बजेदेखि राति साढे ९ बजेसम्म सेवा उपलब्ध रहेको कम्पनीले जनाएको छ । कम्पनीले मोटरसाइकल, चालक अनुमतिपत्र, नागरिकता र मोबाइलमा इन्टरनेट चलाउन जान्ने मोटरसाइकल चालक युवकलाई प्राविधिक तालीमपछि रोजगार दिइरहेको जनाएको छ । कम्पनीले आयोमा यात्रा गर्ने चालक र यात्रुको लागि तीन लाख रुपैयाँसम्मको दुर्घटना बीमाको व्यवस्था गरेको छ । कम्पनीले आफ्नो एपबाट सामानको डिलेभरी सेवालाई पनि निरन्तरता दिइरहेको छ । कम्पनीले यात्राका साथै सामान पनि एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउन सहयोग गरिरहेको प्राविधिक प्रमुख कुशवाहाको भनाइ छ। हाल दैनिक ८-९ सय राइडको बूकिङ अर्डर आइरहेको तर चालकको सङ्ख्या न्यून भएकोले दैनिक तीन सयसम्म राइडको सेवा दिने गरेको उनले बताए । मोटरसाइकलसँगै कार राइडको सुविधा एपमा रहे तापनि हाल मोटरसाइकल राइडको लागि बढी माग रहेको उनले बताए । वीरगंजबाट बाराको कलैया, बरियारपुरस्थित गढीमाई मन्दिर, सिमरा विमानस्थल, पर्साको पोखरिया र वीरगंज नगर क्षेत्रभित्र यातायातको लागि स्टार्टअप व्यवसाय शुभारम्भ गरिएको छ । पछि अन्य ठाउँमा समेत सेवा विस्तार गर्ने कम्पनीले जनाएको छ। यात्रा अवधिको सबै जिम्मेवारी कम्पनीले लिने प्रत्याभूति गराएको उनले बताए । अहिले दैनिक हुने तीन सय राइडमा ७० प्रतिशत महिला यात्रु हुने गरेको बताइएको छ। कम्पनीले अक्टोबरमा सय रुपैयाँ मात्र आम्दानी गरेको, नोभेम्बरमा भने तीन लाख ३३ हजार र अहिले डिसेम्बर महीनाको ९ तारिखसम्म २० हजार आम्दानी गरेको बताइएको छ ।



इन्जिनीयर श्यामप्रसाद कुशवाहा

**को हुन् मेकानिकल इन्जिनियर कुशवाहा**

आयो राइड शेयरिङ सेवा वीरगंजमा शुभारम्भ गर्ने २७ वर्षीय युवक वीरगंज-११ रानीघाटका स्थायी बासिन्दा हुन् । बुबा फुलेनाप्रसाद कुशवाहा र आमा मालती कुशवाहाका जेठा सन्तान कुशवाहाले एसएलसी वीरगंजको ज्ञानदा एकेडेमीबाट उत्तीर्ण गरेका थिए भने प्लस टु डिएभी स्कूलबाट गरेर मेकानिकल इन्जिनीयरिङ र सफ्टवेयर डेभलेपमेन्टको कोर्स युडेमिकको अध्ययन कुरुक्षेत्र विश्वविद्यालय दिल्लीबाट गरेका थिए । उनी अध्ययनपश्चात् सन २०१९ मा वीरगंज फर्किए । त्यसपछि उनले मेट्रोमोनियल साइट 'हाम्रोविवाहडटकम' शुभारम्भ गरे । त्यसपछि वीरगंजमा राइड शेयरिङ सेवा सुचारु गर्न आयोको अवधारणामा अनुसन्धान गरी आयो एप विकसित गर्दै यो कम्पनी सञ्चालनमा ल्याइ स्टार्टअप व्यवसायमा सक्रिय भएका हुन्।

## डब्लुएफएनएसमा वीरगंजका चिकित्सक निर्वाचित

प्रस, वीरगंज, २३ मङ्सिर/

वर्ल्ड फेडरेशन अफ न्यूरोसर्जिकल सोसाइटी (डब्लुएफएनएस)को सदस्यमा पहिलोपटक नेपाली चिकित्सक निर्वाचित भएका छन् ।

पर्सा, विन्ध्यवासिनी गाउँपालिका बहुअर्वाभाठा स्थायी घर भई हाल वीरगंजमा बसोबास गरी जय पोलिक्लिनिक एवं विभिन्न अस्पतालमा सेवा दिने न्यूरो सर्जन डा विपिन चौरसिया उक्त सोसाइटीको सदस्यमा ७४ मत ल्याएर निर्वाचित भएका हुन् । यसअघि नेपाल र भारतबाट हालसम्म यो सोसाइटीमा कोही चिकित्सक निर्वाचित भएका थिएनन्।

सोसाइटी विश्वभरका न्यूरो सर्जन चिकित्सकहरूको छाता सङ्गठन हो । यस सोसाइटीको डिसेम्बर ४ देखि ८ सम्म दक्षिण अफ्रिकाको केपटाउनमा सम्पन्न १८औं महासभाबाट डा चौरसिया सोसाइटीको पब्लिकेशन तथा वेब उपसमितिको सदस्यमा निर्वाचित भएका हुन् । समितिमा अमेरिकाका चिकित्सक पिटर नाकाजीसमेत निर्वाचित भएका छन् ।

तीन वर्षे कार्यकाल रहेको यस पदमा रहेका डा चौरसियाले डब्लुएफएनएसको प्रकाशन र वेबका कामहरूमा सहयोग गर्नेछन् । पूर्ण छात्रवृत्तिमा पाकिस्तानबाट एमबिबिएस र बङ्गलादेशबाट न्यूरो सर्जरीमा एमएस अध्ययन गरेका डा चौरसियाले हालसम्म २२३ वटा न्यूरो सर्जरीसम्बन्धी रिचर्स जर्नल प्रकाशित गरिसकेका छन् । उनी कुशल न्यूरो सर्जनको रूपमा चिनिन्छन्।



डा विपिन चौरसिया

## विचारसार र सूक्तिहरू

**जीवन समुद्रजस्तै हो । हामी अनन्तमा घुमिरहेका छौं । हामीसँग केही रहन्न । शेष केही रहन्छ भने ती व्यक्तिहरूका स्मृति जसले हामीलाई लहरजस्तै छोएर जान्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# मनुष्य जीवनको गौरव-गरिमा नबिसौं

जीवात्मा दुई किसिमका सम्भावना आफूभित्र राखेर यस विश्व-ब्रह्माण्डमा आउँछ । एउटा मार्गले उसलाई श्रेयको अधिकारी बनाउँछ भने दोस्रो उसलाई प्रेयबाट प्राप्त हुन्छ-दुवैमध्ये जुनलाई पनि, उसले आफ्नो जीवन-पथको रूपमा छान्न सक्छ । सही समयमा सही पथको चयनले जीवात्मालाई उत्कर्षको स्वर्णसिंहासनमा आरूढ गराउन सक्छ भने गलत मार्गको परिणति पतन-पराभव-पश्चात्तापको रूपमा देख्न पाइन्छ ।

**आफ्नो दश पीढीको आयु प्राप्त गर्ने ययाति हुन् वा नवग्रहमाथि राज गर्ने रावण, विश्वविजेताको सपना देख्ने सिकन्दर हुन् वा क्रूरताको प्रतीक चंगेज खाँ-यी सबैले धेरैथोक पाएर पनि असन्तोषको आगोमा रापिंदै बिदा भए ।**

सही मार्ग चयन नै जीवात्माको विवेकको कसी हो । सत्य र मिथ्यामध्ये के छानियो, भ्रम, जंजाल र अनन्त ऐश्वर्यमध्ये केलाई जीवनको ध्येय मानियो, यो जीवन लक्ष्यको एक मात्र परीक्षा हो । जो यस परीक्षामा उत्तीर्ण हुन्छन्, चिरकालसम्म परमात्माको अनुग्रहको छायामा निवास गर्ने स्वर्णिम सुयोग प्राप्त गर्छन्, आध्यात्मिक उत्थानको साक्षी बन्छन् भने भ्रम-जंजालमा भौंतारिनेहरू अनन्तकालसम्म मायाको लहरसँग ठोकिंदै यस सुरदुर्लभ जीवनलाई व्यर्थ बनाउँछन् तथा पछुतोबाहेक अन्य केहीको अधिकारी बन्दैनन् ।

सुखको आकाङ्क्षाले माछालाई चारो हालेको काँटीको समीप पुऱ्याउँछ, तर त्यसको परिणाम दुःख र पीडाबाहेक केही हुँदैन । सजिलो दाना पाउने लोभले चरा जालमा फस्न पुग्छ । चना झिक्ने लोभले बाँदरको हात घैंटोमा अड्किने कुरा त विख्यात नै छ । साना प्राणीहरूको के कुरा ? जब वनराज सिंह र शत्रुदमन हात्ती यस मरिचिकाको शिकार बन्छन् तब यै भान हुन्छ कि भ्रान्ति र यथार्थमा महती भेद छ र यो भेद बुझ्न नसक्ने जीवात्मा, मायाको गहिरो भासमा फस्न पुग्छ अनि त्यहाँबाट निस्कनु उसका लागि असम्भव प्रतीत हुन्छ ।

इन्द्रिय सुखले यसै प्रकारको लिप्सा देखाएर जीवात्मालाई आफ्नो बन्धनमा आबद्ध गर्दछ । जब जिब्रोको स्वाद, जननेन्द्रियको कामुकता, आँखाको आकर्षण, मनको उद्विग्नता, आकाङ्क्षाको व्याकुलता, वासनाहरूको विस्तारमा नै जीवात्मा अल्झिन्छ भने आत्मिक उत्कर्ष, आन्तरिक उत्थानजस्ता लक्ष्यप्रति कसले ध्यान देओस् ? यदि कथम्कदाचित जीवात्मालाई स्वधर्मको सम्झना आयो भने पनि यस हेतु प्रयत्न-पुरुषार्थको शक्ति नै शेष रहन्न । न यस हेतु समय हुन्छ र न अपेक्षित मनोयोगको साथ पाइन्छ । यस्तोमा त आन्तरिक उत्कर्ष पनि मनोकामनाजस्तै प्रतीत हुन्छ र यसका लागि धरातलीय प्रयास जस्तै केही बेर बसेर पूजा इत्यादि गरेर मानिस आफ्नो आत्मालाई फुस्लाएर शान्त पार्ने प्रयास गर्छ ।

यदि सृष्टिमा उपस्थित अन्य प्राणी-योनिहरूतर्फ दृष्टिपात गर्ने हो भने प्रतीत हुन्छ कि मानिसलाई अन्य प्राणीहरूको तुलनामा कतिपय सुविचार, विभूति तथा सम्पदा प्रदान गरिएको छ । सर्वव्यापी, न्यायकारी, नियामक दिव्य सत्ताले केही नसोची मानिसमाथि यस्तो कृपा गरेका हुन् भनी ठान्नु भूल हो । यस विषयमा गहिरोगरी विवेचन गर्दा थाहा हुन्छ कि मानिसलाई यति धेरै विभूतिहरूले मन, वाणी, आत्माजस्तो दिव्य सम्पदाहरूले सुसज्जित गर्नु पछाडि परमात्माको यति मात्र उद्देश्य थियो कि मानिस ईश्वरको योग्य सहायकको रूपमा काम गरोस् तथा सृष्टि सञ्चालनमा उसको विश्वासपात्र सहयोगीको भूमिका निर्वाह गरोस् ।

यदि विधाताले रचेको यो सृष्टि-सुन्दर, समुन्नत र सुव्यवस्थित बन्यो भने त्यसको सुफल पनि त मानिसले नै प्राप्त गर्नेछ । मानिसलाई अन्य प्राणीहरूभन्दा बढी प्राप्त भएका यी अनुदान त्यसै उद्देश्य प्राप्तिका लागि हो र यदि जीवात्मा, त्यस ईश्वरीय प्रयोजनबाट पन्छिन्छ भने प्रचुर धन-सम्पदा हुँदाहुँदै पनि, आत्मप्रताडनाको दंशले उसलाई कहिल्यै सुख-शान्तिको अनुभव गर्न दिंदैन ।

सदुद्देश्यको मार्गमा हिंड्नका लागि विवेक जागरण आवश्यक हुन्छ । जहाँ मौज लाग्यो, पुग्यो; जस्तो तरङ्ग उठ्यो, त्यस्तै काम गर्न थाल्यो, यो व्यवहार सन्तुलित मनोभूमिको परिचायक होइन । विवेक जाग्नेबित्तिकै मानिस यस्ता अपरिपक्व व्यवहारबाट टाढा हुन्छ र जीवनलाई परमात्माको बहुमूल्य उपहार ठानेर सोचीसम्झी रणनीतिका साथ जीवनशैली पालन गर्न थाल्छ । अनि आन्तरिक उद्वेगले उसलाई हावामा उड्ने पातझैं बराल्न सक्दैन र जीवात्मा शान्ति, संयम, सन्तुलनको बाटोमा विजयी सैनिकजस्तै सोझो हिंड्दै जान्छ ।

विवेक जागरणको पहिलो कसी सही र गलत निर्धारण गर्ने क्षमता प्राप्त हुनु हो । सद्बुद्धि आयो भने यो सोच स्वतः जन्मन्छ कि विषरूपी वासनाहरूको तृप्ति जीवनको लक्ष्य हुन सक्दैन । संसारका सारा वासनाहरूको भोग गरेर पनि आजसम्म कोही तृप्त भएन र ठूला-ठूला महत्त्वाकाङ्क्षीहरू पनि कालको प्रहारले नतमस्तक भए ।

आफ्नो दश पीढीको आयु प्राप्त गर्ने ययाति हुन् वा नवग्रहमाथि राज गर्ने रावण, विश्वविजेताको सपना देख्ने सिकन्दर हुन् वा क्रूरताको प्रतीक चंगेज खाँ-यी सबैले धेरैथोक पाएर पनि असन्तोषको आगोमा रापिंदै बिदा भए । त्यहीं दुई पैसा कमाउने कबीर, दादू, रैदासले आनन्द प्राप्तिका अमरकथाहरू लेखे । कामनाहरू भोगेर तुष्ट हुँदा हुन् त सबै असन्तोषको भुङ्ग्रोमा पिल्सिएका किन देखिन्थे ? कामनाहरूले मानिसलाई भौंतारिन र पिल्सिन मात्र बाध्य पार्छन्, तृप्ति र तुष्टि त आन्तरिक उत्थानबाट मात्र प्राप्त हुन सक्छ ।

लोभान्ध र मोहान्ध मानिसलाई यो शाश्वत सत्य कहाँ देखिन्छ र ! यसैको परिणाम हो कि मरणधर्मा संसारको पछि सबै दगुरिरहेका देखिन्छन्, तर आत्माको उन्नतिको विषयमा चिन्तन गर्ने मानिस औंलामा गन्न सकिन्छ । जीवनभरि कुदाएर जब प्राणकोश रित्त हुन्छ र यस धराधामबाट बिदा लिने बेला हुन्छ, अनि भान हुन्छ कि जीवनभरि मात्र पापको पोका भरिएको रहेछ र मृत्युपर्यन्त अन्धकारको व्यवस्था गरिएको रहेछ-श्रेष्ठ र उत्कृष्ट सम्भावनाहरू त कहिले न पछि छुटिसके ।

जीवनभरि भोगका पछि कुद्यो भने रोग र शोकका अतिरिक्त केही पाइँदैन, पापकर्मले गर्दा भावी जीवन बरबाद हुन्छ, त्यो छुट्टै । यसलाई विवेकको दृष्टिले उपलब्धि कसरी मान्ने ? हाड चुसेर कुकुरले केही पाउँदैन, गिजा छेडेर निस्केको आफ्नै रगतमा प्रपञ्चको वशीभूत भएर रमाइरहन्छ । वासना र तृष्णाको मृगमरिचिकाले पनि मानिसलाई यस्तै व्यर्थको लक्ष्यमा अल्झाइराख्छन् । यो सुरदुर्लभ मनुष्य जुनि यसै व्यर्थ अफालिन्छ ।

विवेकको कसी नै यही हो कि खेलौनाको पछि नलागेर उपयोगी संसाधनहरूमा जीवन-ऊर्जा खर्चियोस् । क्षणभङ्गुर कामनाहरूको पूर्तिको ठाउँमा आत्मसन्तोष, आत्मकल्याणको बाटो अँगालियोस् । विष वा अमृत खानु मानिसको चयन क्षमतामा निर्भर छ, तर त्यो खाएपछि परिणामस्वरूप पाइने मृत्यु अथवा अमरताबाट जोगिन सकिंदैन । सत्कर्मको परिणाम जहिले पनि शुभ नै हुन्छ र दुष्कर्म, दुर्योग बनेर जन्म-जन्मान्तरसम्म पछि लागिरहन्छ-यो सृष्टिको शाश्वत सत्य हो । बबूलको बोट रोपेर आँप पाउने सपना मूर्खले मात्र देख्छ-आत्मज्ञान पथको पथिकले होइन । अतः सही समयमा सही पथमा आउन बेर गर्नुहुँदैन; किनकि यसैबाट जीवनको अन्तिम परिणतिको निर्धारण हुन्छ ।

# सरकार आम मानिसको कि माफियाको ?


समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com


**आम उपभोक्ता र किसान यसको प्राथमिकतामा कहिल्यै पनि पर्दैनन् । उखुको समर्थन मूल्यमा निरन्तर उदासीनता तिनै माफियाहरूप्रतिको निरन्तर लगावको परिणाम होइन भनेर पत्याउनुपर्ने भरपर्दो आधार फेला पार्न सकिएको छैन ।**

चिनी जति गुलियो छ, त्यसका अन्तर्कथा त्यति नै तीता छन् । उखु लगाउने किसानदेखि उत्पादक, व्यापारी र आम उपभोक्ता सबैको अभिभावक भनिएको सरकार सबै सरोकार विरोधाभासमा जेलिएका छन् । अहिले उखु पेल्ने समय शुरू भइसकेको छ तर अहिलेसम्म यसको समर्थन मूल्य निर्धारण हुन सकेको छैन । मूल्य सरकारले निर्धारण गर्दै आएको छ । प्रत्येक वर्ष मूल्य निर्धारणको क्रममा उखु उत्पादकमा प्रतिनिधि, चिनी उद्योगी र सरकारबीच तानातानको अवस्था हुन्छ । यसपटक अहिलेसम्म मूल्य निर्धारण नहुँदा किसान अन्योलमा परेका छन् । आफूले लगाएको बालीको कति मूल्य पाउँछु भन्ने थाहै नपाई उद्योगलाई बुझाउनुपर्ने अवस्था आइलागेको छ ।

मूल्य निर्धारणमा सरकार सधैं अग्रणी भूमिकामा रहेकाले अहिलेसम्म मूल्य नतोकिनुमा सरकार सबैभन्दा बढी दोषी छ । मूल्यको किचलो अहिलेको होइन, प्रत्येक वर्ष उखु पेल्ने सिजनमा किसान, उद्योगी र सरकारले देखाएका सरोकारका विषय समाचारको रूपमा आउने गरेका छन् । चौतर्फी दबाब सिर्जना भएपछि सरकारले किसान र उद्योगीलाई छलफलमा डाक्छ, तीनै पक्षबीच मूल्य तोक्न तानातान चल्छ । अन्तिममा सरकारले मूल्य तोकिदिन्छ । यो रकमको भुक्तानीमा फेरि उद्योगी र किसानबीच किचलो हुन्छ । यतिसम्म कि उखु बेचेको पैसा निकाल्न किसानहरू सडक सङ्घर्षमा उत्रिएका समाचार अब सामान्यजस्तो लाग्न थालिसकेको छ ।

सरकारले समय घर्काएर मूल्य त तोकिदिन्छ, तर आफ्नो दायित्वमा जिम्मेवार बन्दैन । उखु उत्पादकको हितको कुरा गर्ने सरकारले किसानलाई गत वर्षको अनुदान अहिलेसम्म दिएको छैन । अनुदान पनि वास्तविक किसानसम्म नपुगेर जग्गाका मालिक जमीनदारहरूको हातमा पुगेको अर्को विडम्बनापूर्ण अवस्था छ । तराई-मधेसमा जमीनदारहरूसँग जग्गा भाडामा लिएर गरीब किसानहरूले पनि खेती गर्ने अभ्यास छ । तर अनुदान पाउन जग्गाधनी प्रमाणपुर्जा चाहिने हुँदा त्यस्तो अनुदानमा जमीनदारको आधिपत्य हुने अवस्था छ । अनुदानका लागि पनि वास्तविक किसान जमीनदारको निगाहमा बस्नुपर्ने स्थिति छ । त्यसमा पनि मूल्यमा भइरहेको ढिलाइले अरू समस्या थप्ने गरेको छ ।

सरकारलाई समयमैं मूल्य तोक्न केले रोकेको छ ? सरकार किन बर्सेनि यो मामिलामा उदासीन देखिन्छ ? राजनीतिक लाभका लागि किसानको पक्षमा चर्काचर्का भाषण गर्नेहरू सत्तामा पुगेपछि किसानको सरोकारसँग जोडिएको यो विषयमा यतिधेरै उदासीन देखिनु असली अनुहार हो । उखु यस्तो उत्पादन हो, जसलाई मुश्किलले चार महीना पेल्ने काम हुन्छ । समयमा काटेर उद्योगलाई दिन सकिएन भने उखु सुक्न थाल्छ । उखु सुक्दा किसानलाई नोक्सान हुन्छ । यदि सत्तामा बस्नेहरू साँच्चै नै किसानप्रति चिन्तित छन् भने क्रसिङको समय शुरू हुनुभन्दा एक महीनाअघि नै मूल्य तोकिदिए के हुन्छ ? मूल्य तोक्न कुनै पूँजी चाहिने होइन । उद्योगी र किसान प्रतिनिधिसँगको एकाध छलफलबाट टुङ्गो लाग्ने विषय हो । त्यो पनि औपचारिकता मात्रै हो ।

चिनीको चलखेलमा सरकार र उद्योगी-व्यापारीको साँठगाँठमा किसान र उपभोक्तालाई ठग्ने काम भइरहेको छ । धेरै टाढा जानै पर्दैन, बितेको दशैं-तिहारमा काठमाडौंलगायतका स्थानमा चिनीको हाहाकार भयो । १५० रुपैयाँ तिर्दा पनि एक किलो चिनी पाउन नसक्ने अवस्था किन भयो । सीमावर्ती बजारमा त्यति नै बेला ७०-८० रुपैयाँमा चिनी फालाफाल थियो । त्यो भारतबाट अवैधरूपमा भित्रिएको चिनी थियो । भारतमा खुद्रा मूल्यमा ४०-४२ भारतीय रुपैयाँमा चिनी पाउने भएपछि सीमावर्ती क्षेत्रको दुरुपयोग गरेर चिनीको व्यापक तस्करी भयो । तस्कर, उद्योगी र सरकारको मिलेमतोमा चिनीमा सिन्डीकेट बनाएर उपभोक्तालाई लुट्ने काम भयो । सरकारले दुई वर्षदेखि चिनी आयात रोकिदिनु, उद्योगीले चिनी लुकाउनु र सीमापारिबाट आएको चिनी महँगोमा बेच्ने तारतम्य मिलाइनु के संयोग मात्र हो त ? सरकारले अभाव हुन नदिन भन्दै २० हजार टन चिनी दशैंअघि नै ल्याउने भनेको थियो । तर त्यो चिनी अहिलेसम्म आएको छैन । सरकारमा बस्नेहरूलाई प्रभावमा पारेर उद्योगी नै तस्करीमा आएको चिनी महँगोमा बेचेका सन्दर्भहरू आए । भारतीय बजारको मूल्य, नेपालमा चिनी उद्योगीको चर्तिकला र सीमाक्षेत्रबाट भइरहेको निर्बाध तस्करीले यो सबै मिलेमतोमैं भइरहेको स्पष्ट हुन्छ । मारमा पर्ने भनेको किसान र आम उपभोक्ता मात्रै हुन् ।

नेपालका चिनी उद्योगीको उत्पादनले नेपालको कुल मागको करीब आधा परिमाण मात्रै पूर्ति गर्छ । नेपालमा चिनीको वार्षिक खपत तीन लाख टन र स्वदेशका उद्योगले यो वर्ष एक लाख ७० हजार टन उत्पादन गरेका छन् । स्पष्ट छ, बाँकी परिमाण बाहिरबाट सहजरूपमा आएन भने चिनीको अभाव हुन्छ । यस्तो कालोबजारी हुन्छ । तर सरकारले स्वदेशी उद्योग संरक्षणको नाममा चिनीमा ३० प्रतिशत भन्सारको छेको हालिदिएको छ । यो उच्चदरको संरक्षण किन ? आत्मनिर्भर भएको अवस्था पनि के स्वदेशी उद्योगले प्रतिस्पर्धी बन्न पर्दैन ? नेपालका उपभोक्ताले भारतीय बजारको भन्दा दोब्बर मूल्यमा चिनी खाएर नेपालका उद्योगलाई नाफा निश्चित गरिदिनुपर्ने किन ? अर्थतन्त्र भनेको कालोबजारी, माफिया व्यापारी र तिनको संरक्षकको रूपमा उभिएका सत्ता सञ्चालकहरूको मात्र हो ? आम उपभोक्ताको हितलाई बाइपास गरेर स्वस्थ अर्थतन्त्रको निर्माण गर्न सकिन्छ ?

स्मरण हुन्छ, केही वर्षअघि बाहिरबाट सस्तो चिनी आयो भन्दै व्यापारीको दबाबमा सरकारले चिनीको मूल्याङ्कन बढाएर भन्सार पनि बढाइदिएको थियो । आज भारतले चिनी निकासी रोकेको छ । ब्रजील, पाकिस्तानजस्ता देश आआफ्नो आपूर्ति व्यवस्थापनमा लागेका छन् । स्वदेशका उद्योगले चिनी आपूर्ति नगर्दा बजारमा हाहाकार छ । मूल्य आकाशिएको छ । तर सरकारले भन्सारमा उच्च दरबन्दी कायमै राख्नु भनेको उपभोक्तामाथि चरम बदनियत हो ।

उपभोक्ताको चरम शोषण गरेर एक दर्जनजति उद्योगको लाभ सुरक्षित गर्नु आवश्यक छैन । भारतका चिनी उद्योगले एक क्विन्टल उखु पेलेर १३ किलोसम्म चिनी निकाल्छन् । यो वर्ष भारतमा उखु उत्पादनमा दिइएको प्रोत्साहनको रणनीतिक उपभोगबाट चिनी उत्पादन परिमाण दोब्बर हुने अनुमान गरिएको छ । हामीकहाँ उद्योगहरू बल्लतल्ल १० किलोको रिकभरीमा चलेका छन्, त्यो पनि आधुनिक भनिएका उद्योगहरू । भारतमा थोत्रा भएका उपकरण ल्याएर यहाँ उद्योग लगाउने अनि प्रतिस्पर्धा गर्न सकिएन भनेर भन्सार महसूलको छेको हाल्न लगाउने प्रवृत्तिको प्रभावमा सरकारमा बस्नेहरू छन् ।

अहिले त सत्तामा बस्नेहरू त चिनीका उत्पादक, चिनीका तस्कर र कालोबजारी सबैतिरबाट लाभ लिइरहेका छन् । होइन भने आम मानिसले पनि थाहा पाउने स्तरको लुट यति सजिलै सम्भव हुने थिएन । सरकारले भन्सारमा लगाएको महसूलको तगारो हटाइदिने हो र जोसुकैले आयात गर्न पाउने हो भने चिनीको दाम ७० रुपैयाँभन्दा तल झर्न समय लाग्दैन । सरकार यसमा किन अनुदार छ ? स्पष्ट छ, यो सरकार नामको सिन्डीकेट तस्कर र माफियाहरूप्रति बढी उदार भाव राख्छ । आम उपभोक्ता र किसान यसको प्राथमिकतामा कहिल्यै पनि पर्दैनन् । उखुको समर्थन मूल्यमा निरन्तर उदासीनता तिनै माफियाहरूप्रतिको निरन्तर लगावको परिणाम होइन भनेर पत्याउनुपर्ने भरपर्दो आधार फेला पार्न सकिएको छैन ।

# दुर्लभ चरा 'श्वेतमाथा कलहाँस'


भक्तपुर, २३ मङ्सिर/रासस

भक्तपुरमा पहिलोपटक साइबेरियाली दुर्लभ पक्षी श्वेतमाथा कलहाँस अर्थात् ग्रेटर ह्वाइट फेन्टेट गुज भेटिएको छ ।

पक्षी संरक्षण तथा अन्वेषणकर्ता सञ्जय था श्रेष्ठले काठमाडौं उपत्यकामा पहिलोपटक भक्तपुरको हनुमन्ते फाँटमा हाँस प्रजातिको दुर्लभ चरा श्वेतमाथा कलहाँस भेटिएको जानकारी दिए ।

कलहाँस नेपालमा पहिलोपटक सन् २००४ मार्च २४ मा देखिएको थियो । त्यति बेला कोशी टप्पु वन्यजन्तु आरक्षणमा दुईवटा कलहाँस भेटिएका थिए । गर्मी मौसममा निकै माथि उचाइमा उडेर बास बस्ने कलहाँस चरा गत वर्ष नारायणी नदी आसपास क्षेत्रमा चारवटा पाइएको थियो ।

रूस, साइबेरियालगायत अति चीसो मुलुकबाट जाडो छल्न नेपाल प्रवेश गर्ने क्रममा हनुमन्तेमा आइपुगेको बताउँदै पक्षीविज्ञ डा कमलराज गोसाइँ, सुजन श्रेष्ठ र सूर्यमान श्रेष्ठले हनुमन्तेमा यी चराको तस्वीरसमेत कैद गरेका छन् ।



गोसाइँका अनुसार यो चरा चीसो मौसममा बस्न नसक्ने भएकोले चीसो छल्न नेपाल आएको हो । कलहाँस हनुमन्तेमा आएपछि हिमालयन नेचर, बर्ड कन्जरभेशन नेपाल र विश्वकै चराहरूको अवस्थाबारे रेकर्ड राख्ने ई-बर्ड नेपालले अभिलेख गरेको उनले बताए । करीब तीनदेखि चार किलो तौल हुने कलहाँस जाडो छल्न नेपाल आएपछि करीब दुई महीनापछि गन्तव्यतर्फ फर्कने गर्छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# युद्धकालीन यौनदासीहरूका लागि फैसला भएपछि जापानले कुनै अपील गरेन– दक्षिण कोरिया

सोल, २३ मङ्सिर/एएफपी

टोक्योले कुनै अपील नगरेकाले युद्धकालमा जबरजस्ती यौन दासत्वमा परेका १६ महिलालाई क्षतिपूर्ति दिन जापानलाई आदेश दिने दक्षिण कोरियाली अदालतको फैसलालाई अन्तिम रूप दिइएको दक्षिण कोरियाको विदेश मन्त्रालयले शनिवार बताएको छ।

मूलधारका इतिहासकारहरूका अनुसार दोस्रो विश्वयुद्धमा अधिकांश कोरियालीसहित चीन र एशियाका अन्य भागका दुई लाख महिला जापानी सैनिकहरूका लागि यौनदासी बन्न बाध्य भएका थिए। सन् १९१० देखि सन् १९४५ सम्म कोरियाली प्रायद्वीपमा जापानको औपनिवेशिक शासनका बारेमा जापान र दक्षिण कोरियाको ऐतिहासिक विवादको एक भागका रूपमा रहेको यो मुद्दाले दुई अमेरिकी सहयोगीबीचको द्विपक्षीय सम्बन्धलाई लामो समयदेखि प्रभावित बनाएको छ।

नोभेम्बर २३ को फैसलाले मुद्दा खारेज गर्ने तल्लो अदालतको निर्णायलाई उल्टयाउँदै टोक्योलाई प्रत्येक कोरियाली उजूरीकर्तालाई करीब २० करोड वन (एक लाख ५२ हजार अमेरिकी डलर) भुक्तानी गर्न आदेश दिएको थियो। उक्त फैसलापछि जापानका विदेशमन्त्री योको कामिकावाले फैसला 'बिल्कुल अस्वीकार्य' र 'स्पष्टरूपमा अन्तर्राष्ट्रिय कानून र दुवै मुलुकबीचको सम्झौताको विपरीत' रहेको बताएका थिए।

दक्षिण कोरियाली मिडियाहरूले टोक्योको अपील नगर्ने निर्णय त्यस्ता फैसलालाई खारेज र न्यूनीकरण गर्ने अभियानको निरन्तरता हो भनेका छन्। उनीहरूका अनुसार अन्य मुलुकका अदालतको अधिकार क्षेत्रको अधीनमा नरहेको तर्क गर्दै जापानले लामो समयदेखि अन्तर्राष्ट्रिय कानून अन्तर्गत 'राज्य प्रतिरक्षा' दाबी गर्दै आएको छ।

जापानी सरकार, प्रतिवादीका तर्फबाट कुनै अपील नभएको भन्दै सोलको विदेश मन्त्रालयले अदालतको फैसलालाई आज अन्तिम रूप दिइएको बताएको छ। "दक्षिण कोरियाली सरकारले पीडित महिलाहरूको सम्मान र प्रतिष्ठा कायम राख्नका लागि प्रयास जारी राख्नेछ, साथै दक्षिण कोरिया र जापानले भविष्य उन्मुख तरीकाले सहयोग जारी राख्ने कुराको सुनिश्चित गर्नेछ," विदेश मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ।

सन् १९६५ को सन्धिले औपनिवेशिककालसँग सम्बन्धित सबै दाबीलाई व्यवस्थित गरेको जापानले जोड दिएको छ। उक्त सन्धि अन्तर्गत दुवै मुलुकले करीब ८० करोड अमेरिकी डलरको अनुदान र सस्तो ऋणको क्षतिपूर्ति प्याकेजका साथ कूटनीतिक सम्बन्ध पुनर्स्थापना गरेका थिए।

जापानसँग लामो समयदेखि चलिरहेको ऐतिहासिक विवादका बावजूद दक्षिण कोरियाको कन्जरभेटिभ सरकारले आणविक हतियारयुक्त उत्तर कोरियाबाट बढ्दो खतराहरूको सामना गर्नका लागि टोक्यो र वाशिङ्टन दुवैसँग आफ्नो सैन्य सहयोगलाई विस्तार गरेको छ।

तीनै सहयोगीले शनिवार प्योङयाङको सामना गर्नका लागि 'नयाँ त्रिपक्षीय पहल' शुरू गरेको घोषणा गरेका छन्। उक्त पहलमा उत्तर कोरियाली क्षेप्यास्त्र प्रक्षेपणमा वास्तविक समय डाटा–साझेदारी अभियानका अतिरिक्त उनीहरूको तटरक्षकहरूबीच 'गहिरो सहयोग' पनि समावेश छ। रासस

# जीवाश्म इन्धनको चरणबद्ध अन्त्यलाई विफल बनाउने ओपेकको प्रयासको आलोचना

दुबई, २३ मङ्सिर/एएफपी

पेट्रोलियम पदार्थ निर्यात गर्ने मुलुकहरूको सङ्गठन (ओपेक)ले शनिवार कार्यकर्ताहरू र महत्त्वाकाङ्क्षी जलवायु कार्य खोज्ने मुलुकहरूको गठबन्धनबाट आलोचनाको सामना गर्नुपरेको छ। आफ्ना सदस्यहरूसँग कोप–२८ सम्मेलनमा जीवाश्म इन्धनलाई लक्षित बनाउने कुनै पनि सम्झौतालाई असफल बनाउन आग्रह गरेपछि उसले त्यस्तो आलोचनाको सामना गर्नुपरेको हो।

दुबईमा जलवायु वार्तामा वार्ताकारहरूले जीवाश्म इन्धनलाई चरणबद्ध अन्त्य गर्ने प्रस्तावसहितको एउटा मस्यौदा सम्झौता तयार गरेपछि ओपेकका महासचिव हैथम अल घैसले यसै साता समूहका १३ सदस्य र रूसी नेतृत्वका १० सहयोगीलाई पत्र पठाएका थिए।

"ओपेकको जीवाश्म इन्धनको चरणबद्ध अन्त्यको प्रस्तावको हतास प्रतिरोधले परिवर्तनको लहरको डरलाई प्रकट गरेको छ, यो कोप–२८ का छलफलहरूमा स्पष्ट भएको छ," ३५० डट ओआरजी एनजिओ विश्वव्यापी अभियानका सहयोगी निर्देशक कान्सिन लेलिमले भने, "ओपेकले कार्यक्रममा सामेल हुन वा शतप्रतिशत नवीकरणीय ऊर्जा–सञ्चालित भविष्यका लागि हाम्रो उचित सङ्क्रमणको मार्गबाट हट्न आवश्यक छ।"

बारबाडोसदेखि फ्रान्स, केन्या र प्रशान्त टापु राज्यहरूसम्मको बृहत् समूह (हाई एम्बिसन कोलिसन)ले पनि ओपेकको कदमको आलोचना गरेको छ। "ओपेक मुलुकका सबै नागरिकसहित पृथ्वीमा सबै मानिसको समृद्धि र भविष्यलाई जीवाश्म इन्धनभन्दा ठूलो जोखिममा अरू कुनै कुराले राख्दैन," कोलिसनको अध्यक्षता गर्ने मार्शल द्वीप समूहका जलवायुदूत टिना स्टेगेले भनिन्, "त्यसैले यो सङ्कटको जडका रूपमा रहेको जीवाश्म इन्धनको चरणबद्ध अन्त्य गर्न हाई एम्बिसन कोलिसनले जोड दिइरहेको छ।"

उनले विश्वको तापक्रमलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्य वार्तायोग्य नभएको भन्दै जीवाश्म इन्धनको अन्त्य नै वार्तायोग्य हुनुपर्ने बताइन्।

बुधवार पठाइएको पत्रमा घैसले भने, "मस्यौदा निर्णयमा अहिले पनि जीवाश्म इन्धनलाई चरणबद्ध तरीकाले समाप्त गर्ने विकल्प समावेश भएकाले जीवाश्म इन्धनविरुद्धको अनुचित र असमान दबाब अपरिवर्तनीय परिणामहरूका साथ चरम बिन्दुमा पुग्छ जस्तो लागेको छ।" उनले २३ सदस्य र सहयोगीहरूलाई उत्सर्जनको सट्टा ऊर्जा अर्थात् जीवाश्म इन्धनलाई लक्षित गर्ने कुनै पनि मस्यौदा वा सूत्रलाई सक्रियरूपमा अस्वीकार गर्न आग्रह गरेका छन्।

इराकको तेल मन्त्रालयका प्रवक्ता असेम जिहादले आफ्नो देशले ओपेकको पत्रलाई समर्थन गरेको एएफपीलाई बताए। उनका अनुसार इराकी तेलमन्त्री हयान अब्देल गनीले कोप–२८ मा आफ्नो मुलुकका प्रतिनिधिमण्डलसँग अन्तिम वक्तव्यको शब्दले वातावरण र जलवायु जोगाउनका लागि उत्सर्जन घटाउन विश्व सहयोगमा जोड दिन्छ वा दिंदैन भन्ने कुरा सुनिश्चित गर्न आग्रह गरेका छन्।

मन्त्री गनीले जीवाश्म इन्धनलाई लक्षित गर्ने प्रयास र उत्पादक मुलुक तथा उनीहरूको जनसङ्ख्याको अधिकारको उल्लङ्घनलाई अस्वीकार गरेका छन्। रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
| --- | --- | --- | --- |
| मेष | सुयश | वृष | अलमल |
| मिथुन | धनलाभ | कर्कट | सफलता |
| सिंह | राज्यलाभ | कन्या | रोगभय |
| तुला | व्यापारवृद्धि | वृश्चिक | शत्रुपराजय |
| धनु | सुसमाचार | मकर | उदरपीडा |
| कुम्भ | मित्रमिलन | मीन | अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# बक्यौता रकम असुल नहुँदा खानेपानी संस्था सङ्कटमा

महोत्तरी, २३ मङ्सिर/रासस

महोत्तरीको बर्दिबास नगर क्षेत्रका छ हजार बढी उपभोक्तालाई खानेपानी आपूर्ति गर्दै आएको बर्दिबास साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था आर्थिक सङ्कटमा फस्दैछ। धेरै पानी खपत गर्ने उपभोक्ताले बक्यौता महसूल नबुझाउँदा संस्था आर्थिक सङ्कटमा फस्दै गएको हो।

संस्थाको विगत बक्यौता चालू आर्थिक वर्षको गत कात्तिक मसान्तसम्म रु दुई करोड १४ लाख नाघेको छ। संस्थाको अभिलेख अनुसार ५० हजारभन्दा बढी बक्यौता राख्ने उपभोक्ता झन्डै सयको हाराहारीमा पुगेका कोषाध्यक्ष भोजप्रसाद फुयाँल बताउँछन्। यसरी खानेपानी महसूल तिर्न अटेर गर्ने गृहस्थभन्दा कारोबारी संस्था र व्यापारिक घरानाका उपभोक्ता धेरै रहेका फुयाँलले बताए।

"संस्थामा १२ वर्षदेखि महसूल नबुझाउने पनि रहेछन्," कोषाध्यक्ष फुयाँल भन्छन्, "आर्थिकरूपले विपन्न देखिनेले बरु समयमैं तिरेका छन्, हुनेखानेले महसूल बुझाउने काममा अटेर देखिएको छ।" यसरी धेरै बक्यौता महसूल राख्नेमा सातवटा गैरसरकारी संस्था, छवटा चलेका ठूला होटल, दुईवटा निजी तवरले सञ्चालित अस्पताल, दुईवटा सरकारी कार्यालय, दुईवटा विद्यालय र सम्पन्न घरानामा गनिने व्यापारी रहेका फुयाँल बताउँछन्।

नयाँ कार्यसमिति निर्वाचित भएलगत्तै गत वैशाखदेखि नै बक्यौता महसूल बुझाउन ताकेता गरिए पनि अपेक्षित असुली हुन नसकेको संस्थाका पदाधिकारी बताउँछन्। पछिल्लो चरणमा कार्यालय व्यवस्थापनले महसूल नबुझाउने उपभोक्ताको धारा काट्नेसम्मका कारबाही शुरू गरेको छ। केही उद्योगले त पानी चोरेर आफ्ना धन्दा सञ्चालन गरेकासमेत पाइएको समितिले जनाएको छ।

पानी सङ्कलन, भण्डारण, पाइप व्यवस्थापन, पानी वितरण र कार्यालय व्यवस्थापनमा मासिक रु १२ लाख बढी खर्च हुन्छ। अहिले रकम अभावले समयमा सरसफाइका काम हुन नसकेर केही पानी टङ्की उपयोगमा आउन नसकेका र विष्ट टोलमुनिको पानीटङ्कीमा विद्युतीकरण गर्न नसकिंदा सेवाप्रवाह बढी खर्चिलो भएको संस्थाका अध्यक्ष भुलनसेन ठकुरी बताउँछन्।

"पानीटङ्कीमा विद्युत् पुऱ्याउन रु ४० लाख खर्च हुने अनुमान छ, रकम अभावमा विद्युतीकरण गर्न नसक्दा डिजलपम्पबाट पानी तानिंदा प्रतिमहीना रु छ लाख बढी खर्च हुँदैछ," अध्यक्ष ठकुरी भन्छन्, "पुरानो बक्यौता नआउँदा संस्था आर्थिक सङ्कट बेहोर्दैछ।" रकमकै अभावमा विद्युतीकरण हुन सकेको छैन।

संस्थाका बर्दिबास नगरपालिका १, २, ३ र १४ का करीब छ हजार उपभोक्ता छन्। यी उपभोक्तालाई स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउनु मुख्य जिम्मेवारी रहेको संस्था आर्थिक सङ्कटमा फस्दा गर्नुपर्ने काम प्रभावित हुँदै आएका छन्। आम उपभोक्ताको हितलाई ध्यानमा राख्दै संस्थाको कार्यसमितिले बक्यौता महसूल नबुझाउनेहरूको धारा काट्ने निर्णय गरेको अध्यक्ष ठकुरीले पुष्टि गरे।

"हामी निर्वाचित भएर काम थालेसँगै गत वैशाखमैं बक्यौता बुझाउन लिखित ताकेता गरेका छौं, यसको सुनुवाइ नभएपछि अब धारा काट्ने निर्णय गर्न बाध्य भइयो," अध्यक्ष ठकुरी भन्छन्, "यसै क्रममा मिटर चुँडाएर पानी चोरी गर्ने उद्योगविरुद्ध पनि कारबाही गरिन्छ।" प्रत्येक तीन/तीन वर्षमा नयाँ कार्यसमितिको निर्वाचन हुने संस्थामा यसअघिका समितिको कार्यकालका बक्यौता महसूल असुली टाउको दुखाइ बनेको ठकुरी बताउँछन्।

खानेपानी संस्थाले उपभोक्ताबाट न्यूनतम महसूल मासिक रु ८० लिन्छ। यसबापत १० हजार लिटर पानी उपभोक्ताले खपत गर्न सक्छन्। खपत बढे महसूल पनि बढ्दै जान्छ। विगत बक्यौता महसूल असुलउपर गर्न र धारा छेडछाड गर्नेविरुद्ध कारबाही हुने संस्थाका पदाधिकारीले बताउँदै आएका छन्। "हामीले पर्याप्त जनाउ र समय दिनुपर्छ, त्यो हामीले गर्दै आएका छौं, अब कारबाहीको चरण थालिन्छ, कोही कसैको अनुहार हेर्ने प्रश्न नै आउँदैन," अध्यक्ष ठकुरी भन्छन्, "संस्थासँगको अटेर सह्य हुँदैन।" संस्थाबाट पाउने सहुलियत सबैले पाउने ठकुरीको भनाइ छ। यसपालि दशैं, दीपावली र छठ पर्व पारेर गत कात्तिक महीनाको महसूल छुट दिइएर बोनसको लाभ दिइएको बताउँदै ठकुरीले न्यूनतम शुल्क लाग्ने १० हजार लिटरको सिलिङलाई १५ हजार लिटरमा पुऱ्याइन प्रयत्न गरिएको जानकारी दिए। "संस्था र समिति उपभोक्ता हितप्रति समर्पित छन्," ठकुरी अपील गर्दै भन्छन्, "सबैले समयमैं महसूल बुझाएर संस्था र समितिलाई सहयोग गर्नुहोस्।"

# एक सय आधारभूत अस्पताल निर्माण गर्ने सरकारको लक्ष्य

काठमाडौं, २३ मङ्सिर/रासस

सरकारले यसै आर्थिक वर्षमा सय आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्य लिएको छ। अहिले २६ आधारभूत अस्पताल सम्पन्न गरेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यसै आर्थिक वर्षमा सय अस्पताल निर्माण लक्ष्य लिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए।

मन्त्रालयका तथ्याङ्क अधिकृत सूर्यबहादुर खड्काका अनुसार २६ वटा अस्पतालका अन्तिम किस्ता पठाइसकिएको छ। पाँचथरको हिलिहाङ गाउँपालिकाको गोपेटार स्वास्थ्य चौकीको पाँच शय्या र दार्चुलाको व्यास गाउँपालिकाको १५ शय्याको आधारभूत अस्पताल पनि चाँडै नै सम्पन्न हुने तयारीमा रहेको उनले बताए।

उनका अनुसार हाल ४१३ स्थानीय तहका अस्पतालको ठेक्का सम्झौता भई प्रक्रिया अगाडि बढेको छ। सरकारले आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा भूगोल र जनसङ्ख्याका आधारमा हरेक स्थानीय तहमा पाँचदेखि १५ शय्याको आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्य लिएको थियो। सोही अनुसार २०७७ साउन २८ गते ३९६ र २०७७ पुस १२ गते २५९ अस्पताल निर्माण गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ।

सरकारले पाँच शय्याका लागि रु सात करोड ११ लाख, १० शय्याका लागि रु १० करोड ८३ लाख र १५ शय्याका लागि रु १८ करोड छ लाख रकम छुट्याइएको छ। पाँच शय्याका ८० स्थानीय तह, १० शय्याका १५७ स्थानीय तह र १५ शय्याका ४२० स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गरिनेछ।

सरकारले दुई वर्षभित्र सबै स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन ती अस्पताल निर्माण गर्ने घोषणा गरे पनि समयमैं नसिकएपछि अब पाँच वर्षभित्र ती निर्माण पूरा हुन नसकेका अस्पतालको निर्माण कार्य गरिने मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले बताए।

यस्तै, अझै १९५ स्थानीय तहले आधारभूत तहको अस्पतालका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पेश गरेका छैनन्। मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले डिपिआर पेश नगरेका ती स्थानीय तहमा अस्पताल निर्माणको काम हुन नसकेको बताए।

भूगोल र जनसङ्ख्याका आधारमा पाँच शय्याका ८० स्थानीय तह, १० शय्याका १५५ स्थानीय तह र १५ शय्याका ४२० स्थानीय तहले आधारभूत अस्पताल निर्माण गर्नेछन्।

मन्त्रालयका अनुसार १५ शय्याको आधारभूत अस्पतालमा एक एमडिजिपी चिकित्सक मेडिकल सुपरिटेन्डेन्ट, दुई मेडिकल अधिकृत, एक नर्सिङ अधिकृत, छ स्टाफ नर्स, पाँच हेल्थ असिस्टेन्टलगायत अन्य कर्मचारी गरी ३२ कर्मचारी रहनेछन्। यस्तै, १० शय्याको आधारभूत अस्पतालमा दुई मेडिकल अधिकृतसहित २२ र पाँच शय्याको आधारभूत अस्पतालमा एक मेडिकल अधिकृतसहित १८ कर्मचारी रहनेछन्।



**जाडो छल्न आएका जलेवा :** दाङको घोराही उपमहानगरपालिका–१७ कर्जाहीस्थित जलाशयमा जाडो छल्न आएका जलेवा चरा। तस्बिरः कुलदीप न्यौपाने/रासस

# करेन्ट लागेर एक पुरुषसहित गोरुको मृत्यु



प्रस, रौतहट, २३ मङ्सिर/

माधवनारायण नगरपालिका–७ लौकाहामा करेन्ट लागेर एक पुरुषसहित गोरुको मृत्यु भएको छ। शनिवार बिहान हलो जोतिरहेका बैजुलाल पण्डितको करेन्ट लागेर मृत्यु भएको हो। उनीसँगै करेन्ट लागेर एउटा गोरुको पनि मृत्यु भएको छ।

लौकाहा गाउँछेउको खेतमा हलो जोतिरहेका बेला खेतमैं झरेको ११ हजार भोल्टको तारबाट करेन्ट प्रवाह भई पण्डित र गोरुको मृत्यु भएको प्रहरी निरीक्षक झलक शर्माले बताए।

घटनाको खबर प्राप्त भएलगत्तै जिल्ला प्रहरी कार्यालय, रौतहटबाट प्रहरी निरीक्षक शर्माको नेतृत्वमा प्रहरी टोलीले घटनाबारे अनुसन्धान शुरू गरेको छ।

विद्युत्को पोलबाट नाङ्गो तार खेतमा कसरी र कुन बेला झरेको हो अहिले यकीन हुन सकेको छैन प्रनि शर्माले बताए। "घटनाबारे विस्तृत अनुसन्धान गर्दैछौं, केही निष्कर्ष निस्किएपछि मात्र कारण थाहा हुन्छ," उनले भने।

अहिले घटनास्थलको मुचुल्का तथा मृतक पण्डितको शव शल्यपरीक्षणको लागि प्रादेशिक अस्पताल गौर पठाइएको प्रनि शर्माले बताए।

## महिला हिंसा रोकौं: असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारको मानसिक र शारीरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।
- महिलामाथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, तेजाब आक्रमण, महिला शिशु हत्या, भ्रूण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबरजस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपिट, मानसिक यातना, धम्क्याउने, जिस्काउने जस्ता कार्य महिला हिंसा हुन्।
- यस्ता घटनाहरू नजीकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाइ, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्छ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।

महिला हिंसाविरुद्धको अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रहरीद्वारा गाँजा फँडानी

प्रस, पर्सागढी, २३ मङ्सिर/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरी नेतृत्वको टोलीले पर्सागढी नगरपालिका–३ झब्रहामा गाँजाखेती नष्ट गरेको छ। इलाका प्रहरी कार्यालय, पोखरिया, जिल्ला प्रहरी कार्यालय, पर्सा,



प्रहरी चौकी बडनिहारको संयुक्त टोलीले सूचनाको आधारमा पर्सागढी नगरपालिका–३ झबराहामा ३० कट्ठा जग्गामा लगाइएको गाँजाखेती नष्ट गरेको हो। पर्सा जिल्लामा यस वर्ष गत वर्षको तुलनामा अधिक मात्रामा गाँजाखेती गरिएको छ।




# खेलकूदको संसार

## एलपिएल प्रिमियर लिग : गरुडा र टीकापुर विजयी

कैलाली, २३ मङ्सिर/रासस

धनगढीमा जारी लिटल फ्लावर प्रिमियर लिग (एलपिएल) अन्तर्गत शनिवार सम्पन्न दुई खेलमा युथ अफ टीकापुर र गरुडा नगरपालिका विजयी भएका छन्।

समूह 'बी'बाट युथ अफ टीकापुरले सेमिफाइनलमा स्थानसमेत पक्का गरेको छ। पहिलो खेलमा युथ अफ टीकापुरले कैलाली मल्टिपल क्याम्पसलाई पराजित गर्दै समूह चरणमा तीन जीतका साथ टीकापुरले सेमिफाइनलमा स्थान सुरक्षित गऱ्यो।




युथ अफ टीकापुरले दिएको ९५ रनको लक्ष्य पछ्याउने क्रममा निर्धारित ११ ओभरमा कैलालीले सात विकेट गुमाएर ७९ रन मात्र बनाउन सक्यो। कैलालीको ब्याटिङमा कप्तान दीपक कँडेलले सर्वाधिक ३८ रन र पारस रोकायाले १२ रन योगदान दिए। युथ अफ टीकापुरका लागि सुमित महर्जनले दुई विकेट लिए भने मोहम्मद हुसेन, हरि चौहान, गौतम केसी र प्रकाश जैसीले एक/एक विकेट लिए।

खराब मौसमका कारण ११ ओभरमा घटाइएको खेलमा टस जितेर ब्याटिङ गर्दै युथ अफ टीकापुरले सात विकेट गुमाएर ९४ रन बनायो। टीकापुरका लागि प्लेयर अफ दी म्याच घोषित गौतम केसी तथा प्रकाश जैसीले समान ३४ रनको योगदान दिए। केसीले २७ बलमा एक चौका र तीन छक्का तथा जैसीले २२ बलमा तीन चौका र एक छक्का प्रहार गरे। ३८ रनमा चार विकेट गुमेको अवस्थामा केसी र जैसीले छैटौं विकेटको लागि ५५ रनको साझेदारी गरे।

कैलालीको बलिङमा अभिषेक कुँवर र सुशील विष्टले दुई/दुई तथा लोकेन्द्र खनाल र पारस रोकायाले एक/एक विकेट लिए। दोस्रो खेलमा गरुडा नगरपालिकाले विजयी सुरुआत गर्ने क्रममा सुदूरपश्चिमाञ्चल एकेडेमीलाई ९८ रनले पराजित गऱ्यो।

गरुडाले दिएको १७४ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमाञ्चल एकेडेमीले २० ओभरमा आठ विकेटको क्षतिमा जम्मा ७५ रन मात्र बनायो। सुदूरपश्चिमाञ्चल एकेडेमीको लागि निसान रेग्मीले १८ तथा सौर्य श्रेष्ठले १४ रन बनाए। गरुडाका बलर धर्मेन्द्र साहले चार विकेट लिए। उनले चार ओभरमा १२ रन मात्र खर्चिए। नरेश साह, रूपेश सिंह र नितेश यादवले एक/एक विकेट लिए।

टस जितेर ब्याटिङ गरेको गरुडाले २० ओभरमा आठ विकेट गुमाएर १७३ रन बनायो। गरुडाका लागि रूपेश सिंहले आक्रामक ब्याटिङ गर्दै ६० रन योगदान दिए। उनले २९ बल खेल्दै पाँच चौका र पाँच छक्का प्रहार गरे। निश्चल विक्रमले अविजित ४३ रन बनाए। उनले २३ बलमा चार चौका र तीन छक्का प्रहार गरे। जम्मा ७६ रनमा छ विकेट गुमेको अवस्थामा रूपेश र निश्चलले ७४ रनको साझेदारी गरे।

सुदूरपश्चिमाञ्चलका लागि पारस सुनार र सन्दीप विष्टले दुई/दुई विकेट लिए। प्रकाश जोशी, वीरेन्द्र चन्द, सौर्य श्रेष्ठ र सागर साउदले एक/एक विकेट लिए।

प्रतियोगिताको उपाधि विजेताले रु दुई लाख ५५ हजार र उपविजेताले रु एक लाख २८ हजार पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगितामा काठमाडौं, रौतहट, दाङ, कैलाली र कञ्चनपुरका गरी १६ टीमको सहभागिता छ।

## आइटिएफ टेनिस : एलेक्सी र आसाकुरा च्याम्पियन

कास्की, २३ मङ्सिर/रासस

नेपाली मूलका अमेरिकी खेलाडी आरब सम्राट हाडालाई पराजित गर्दै रसियाका एलेक्सी सिबाएबले पोखरामा आयोजना गरिएको अन्तर्राष्ट्रिय टेनिस महासङ्घ (आइटिएफ)को जे–३० को दोस्रो सर्किटको उपाधि जितेका छन्।

कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा पोखरा रङ्गशालास्थित टेनिस कम्प्लेक्समा सञ्चालन भएको प्रतियोगिताको शनिवार सम्पन्न फाइनलमा एलेक्सीले हाडालाई ६–३, ६–२ ले पराजित गरी पुरुष एकलतर्फ च्याम्पियन बने।

यसैगरी, महिला एकलतर्फ जापानकी उता आसाकुरा च्याम्पियन बनेकी छन्। उनले भारतकी अर्जान खोराकीवालामाथि ६–२, ६–३ को जीत हासिल गरिन्।

यी दुवै खेलाडी जे–३० को सर्किट एकमा पनि विजयी भएका थिए। च्याम्पियन खेलाडीहरूले आइटिएफको महत्त्वपूर्ण ३०/३० अङ्क प्राप्त गरे।

विजयी खेलाडीलाई पुरस्कार वितरण गर्दै नेपाल पर्यटन बोर्ड गण्डकीका निमित्त कार्यालय प्रमुख नवीन पोखरेलले विभिन्न राष्ट्रबाट आएका खेलाडी, अभिभावक तथा उनीहरूका प्रशिक्षकको सहभागिताले पोखराको पर्यटन चलायमान बनेको बताए। यसैगरी, पोखरा महानगरपालिका खेलकूद विकास समितिका अध्यक्ष दीपकबहादुर गोदार, नेपाल टेनिस सङ्घका उपाध्यक्ष विनोद कायस्थ, प्रतियोगिता निर्देशक अजय विष्टलगायतले खेलाडीलाई मेडल र पुरस्कार वितरण गरे।

प्रतियोगितामा खेलाडीले अङ्कका लागि प्रतिस्पर्धा गरेका थिए। खेलाडीले प्राप्त गरेको अङ्कले उनीहरूको टेनिस वरीयता निर्धारण गर्नेछ। विजेता खेलाडीले ३० अङ्क, उपविजेताले १८, सेमिफाइनलिस्टले नौ, क्वाटरफाइनलिस्टले पाँच र अन्तिम १६ मा पुग्ने खेलाडीले आइटिएफको दुई अङ्क प्राप्त गरेका छन्।

पोखरामा दुई साता लामो सञ्चालन भएको आइटिएफ जे–३० टेनिस प्रतियोगितामा ११ देशका एक सयभन्दा बढी खेलाडीको सहभागिता थियो। प्रतियोगितामा पुरुषतर्फ 'क्वालिफाइङ' र 'मेन ड्र' गरी विभिन्न देशका ६४ खेलाडीको सहभागिता थियो। महिलातर्फ ४७ खेलाडीले प्रतिस्पर्धा गरेको आयोजकले जनाएको छ।

## जिफन्टद्वारा लैङ्गिक हिंसाबारे छलफल

प्रस, वीरगंज, २३ मङ्सिर/

लैङ्गिक हिंसासम्बन्धी १६ दिने अभियान अन्तर्गत जिफन्ट मधेस प्रदेश कमिटीको आयोजनामा 'नेपालको श्रम आन्दोलनमा C–190 को सान्दर्भिकता र ट्रेड युनियनको भूमिका' विषयक छलफल कार्यक्रम सिमरामा शनिवार सम्पन्न भएको छ।



जिफन्टकी उपाध्यक्ष तथा मधेस प्रदेशसभा सदस्य मञ्जु थापामगरले महिला हिंसाको अन्त्य गर्न सांस्कृतिक अभियान आवश्यक रहेको बताइन्।

कार्यक्रममा जिफन्ट महिला कमिटीका सदस्यले नेपालको श्रम आन्दोलनमा C–190 को सान्दर्भिकता र ह्वीनका अध्यक्ष आनन्द थामीले लैङ्गिक हिंसासम्बन्धी १६ दिने अभियान सम्बन्धमा प्रशिक्षण दिएका थिए।

कार्यक्रममा जिफन्ट मधेस प्रदेशका अध्यक्ष कमलेश झा, मनोज चौधरी, अमृतलाल श्रेष्ठ, सम्झना लामा, बिना पराजुलीलगायत वक्ताहरूले लैङ्गिक हिंसाबारे मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रमको अध्यक्षता गीता भण्डारी, स्वागत शान्तिदेवी दास र सहजीकरण ओमकुमारी शर्माले गरेका थिए।

## अभियानको तदर्थ समिति गठन

प्रस, वीरगंज, २३ मङ्सिर/

राष्ट्रिय एकता अभियानले महेशकुमार यादवको अध्यक्षतामा राष्ट्रिय एकता अभियान, महोत्तरीको जिल्ला तदर्थ समिति गठन गरेको छ।




अभियानको महोत्तरीका उपाध्यक्षद्वय मोहनकुमार पाण्डेय र दिनेश चौधरी, सचिव सुवास मिश्र, सहसचिव अजयकुमार झा, कोषाध्यक्ष उपेन्द्र यादवलगायत सदस्यहरू छन्।

कार्यक्रममा राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले चिनियाँ विस्तारवाद र जिहादी अतिवादको विरोध गर्दै देशमा विद्यमान विभिन्न संस्कृति, भाषाभाषी तथा क्षेत्रलाई एकताबद्ध गर्दै सङ्घीय हिन्दू गणतान्त्रिक देश स्थापना गर्न अभियानले काम गर्दै आएको बताए। उनले हिन्दू राष्ट्र स्थापनाको मागलाई राजा र राजसंस्थासँग जोडेर हेर्नुमा कुनै तारतम्य नरहेको बताए। कार्यक्रममा अभियानका वरिष्ठ नेता बिपी यादव, केन्द्रीय सदस्य जीतेन्द्र दासलगायतका वक्ताहरूले हिन्दू बाहुल्य देशमा हिन्दू संस्कृति संरक्षण एवं संवर्द्धन गर्दै चिनियाँ विस्तारवादबाट देशलाई बचाउन राष्ट्रियता बलियो बनाउनका लागि अभियानलाई मजबूत बनाउनुपर्ने बताए।